## नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग

**केन्द्रीय कार्यालय**
**बालुवाटार, काठमाडौं ।**
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३


पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/८/०७९/८०

मितिः २०७९/०८/२९

# सूचना

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु तथा पुर्वाधार विकास बैंक,**

यस बैंकबाट जारी **"बैंक/वित्तीय संस्था संस्थापना एवं वित्तीय कारोवार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत एवं प्रकृयागत व्यवस्थाः २०६३" तथा "पूर्वाधार विकास बैंकको इजाजतसम्बन्धी नीतिगत व्यवस्था, २०७४"** मा संलग्न तालिकाबमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ ।

..............................
कार्यकारी निर्देशक

| नेपाल राष्ट्र बैंकबाट जारी बैंक/वित्तीय संस्था संस्थापना एवं वित्तीय कारोवार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत एवं प्रकृयागत व्यवस्था: २०६३ मा संशोधन | | | |
|---|---|---|---|
| **क्र.स.** | **बुँदा नं.** | **विद्यमान व्यवस्था** | **संशोधित व्यवस्था** |
| १. | बुँदा नं. ९ को उपबुँदा ९.१ को (क) मा संशोधन । | (क) विगतमा कर्जा सूचना केन्द्रको कालोसूचीमा परी सो सूचीबाट हटेको भए त्यसरी हटेको मितिले तीन वर्ष व्यतीत भइ नसकेको व्यक्ति संस्थापक हुन योग्य मानिने छैन र त्यस्ता निवेदन उपर यस बैंकले कारवाही अगाडि बढाउने छैन । | **(क) देहायको व्यक्ति संस्थापक हुन योग्य मानिने छैन र यस्ता व्यक्ति संलग्न भएको निवेदन उपर यस बैंकले कारवाही अगाडि बढाउने छैन ।**<br>(अ) विगतमा कर्जा सूचना केन्द्रको कालोसूचीमा परी सो सूचीबाट हटेको भए त्यसरी हटेको मितिले तीन वर्ष व्यतित भइ नसकेको<br>**(आ) प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि (Criminal Record) देखिएको व्यक्ति भए सजाय भुक्तान गरेको ५ वर्ष व्यतीत भई नसकेको** |
| २. | बुँदा नं. ९ को उपबुँदा ९.१ को (ग) मा संशोधन । | (ग) यस बैंकमा बैंक तथा वित्तीय संस्था संस्थापना गर्न निवेदन पेश गरेका प्रस्तावित संस्थापकहरुमध्ये कुनै संस्थापक कर्जा सूचना केन्द्र लि. को कालोसूची/डिफल्टर/कर्जा कारोवारमा भाखा नाघेको देखिन आएमा त्यस्ता संस्थापक हटाई भईरहेका संस्थापकहरुबाट वा नयाँ संस्थापकहरु थप गरी संशोधित विवरण तथा कागजातहरु पेश | (ग) यस बैंकमा बैंक तथा वित्तीय संस्था संस्थापना गर्न निवेदन पेश गरेका प्रस्तावित संस्थापकहरुमध्ये कुनै संस्थापक कर्जा सूचना केन्द्र लि. को कालोसूची/डिफल्टर/कर्जा कारोवारमा भाखा नाघेको देखिन आएमा **वा प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि (Criminal Record) देखिएमा** त्यस्ता संस्थापक हटाई भईरहेका संस्थापकहरुबाट वा नयाँ संस्थापकहरु थप गरी संशोधित विवरण तथा कागजातहरु पेश गरेमा मात्र उक्त निवेदन माथि कारवाहि अगाडि बढाइनेछ । यसरी परिमार्जित विवरणहरु पेश गर्नुपर्ने म्याद बढीमा ९० दिन सम्मको हुनेछ । |

| | | | |
|---|---|---|---|
| | | गरेमा मात्र उक्त निवेदन माथि कारवाहि अगाडि बढाइनेछ । यसरी परिमार्जित विवरणहरु पेश गर्नुपर्ने म्याद बढीमा ९० दिन सम्मको हुनेछ । | |
| ३. | अनुसूची ३ मा बुँदा १७ (क) र १७ (ख) थप । | हाल नभएको । | **(१७क) आपराधिक पृष्ठभूमि (Criminal Record) सम्बन्धी प्रहरी प्रतिवेदन संलग्न छ?**<br>**छ छैन**<br>**(१७ ख) तपाँई कुनै भ्रष्टाचार सम्बन्धी कारवाहीमा पर्नुभएको छ?**<br>**छ छैन** |

**नेपाल राष्ट्र बैंकबाट जारी पूर्वाधार विकास बैंकको इजाजतसम्बन्धी नीतिगत व्यवस्था, २०७४ मा संशोधन**

| क्र.स. | बुँदा नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | बुँदा नं. ९ को उपबुँदा ९.१ को पहिलो बुँदा मा संशोधन। | कुनै व्यक्ति विगतमा कर्जा सूचना केन्द्रको कालोसूचीमा परी सो सूचीबाट हटेको भए त्यसरी हटेको मितिले ३ वर्षसम्म पूर्वाधार विकास बैंकको संस्थापक हुन योग्य मानिने छैन र त्यस्ता निवेदन उपर यस बैंकले कारवाही अगाडिबढाउने छैन। | (क) **देहायको व्यक्ति पूर्वाधार विकास बैंकको संस्थापक हुन योग्य मानिने छैन र यस्ता व्यक्ति संलग्न भएको निवेदन उपर यस बैंकले कारवाही अगाडि बढाउने छैन।**<br>(अ) विगतमा कर्जा सूचना केन्द्रको कालोसूचीमा परी सो सूचीबाट हटेको भए त्यसरी हटेको मितिले तीन वर्ष व्यतित भइ नसकेको<br>(आ) **प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि (Criminal Record) देखिएको व्यक्ति भए सजाय भुक्तान गरेको ५ वर्ष व्यतीत भई नसकेको** |
| २. | बुँदा नं. ९ को उपबुँदा ९.१ को तेस्रो बुँदामा संशोधन। | प्रस्तावित संस्थापकहरुमध्ये कुनै संस्थापक कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा रहेको वा कुनै बैंक वा वित्तीय संस्थाको कर्जा नतिरी डिफल्टर भएको वा कुनै बैंक वा वित्तीय संस्थाबाट लिएको कर्जाको भाखा नाघेको देखिन आएमा त्यस्ता संस्थापकहरु बाहेकका बाँकी संस्थापकहरु मात्र रहने वा नयाँ संस्थापकहरु थप गरी संस्थापकहरुको लगानी गर्न कबुल गरेको पुँजी रकमसहितको संशोधित | प्रस्तावित संस्थापकहरुमध्ये कुनै संस्थापक कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा रहेको वा कुनै बैंक वा वित्तीय संस्थाको कर्जा नतिरी डिफल्टर भएको वा कुनै बैंक वा वित्तीय संस्थाबाट लिएको कर्जाको भाखा नाघेको देखिनआएमा **वा प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि (Criminal Record) देखिएमा** त्यस्ता संस्थापकहरु बाहेकका बाँकी संस्थापकहरु मात्र रहने वा नयाँ संस्थापकहरु थप गरी संस्थापकहरुको लगानी गर्न कबुल गरेको पुँजी रकमसहितको संशोधित विवरण तथा कागजातहरु पेश भई आए पश्चात् मात्रनिवेदन उपर कारबाही अगाडि बढाइनेछ। उपरोक्त बमोजिम संशोधित विवरण तथा कागजातहरु पेश गर्न समय लाग्ने भई यस |

| | | | |
|---|---|---|---|
| | | विवरण तथा कागजातहरु पेश भई आए पश्चात् मात्रनिवेदन उपर कारबाही अगाडि बढाइनेछ । उपरोक्त बमोजिम संशोधित विवरण तथा कागजातहरु पेश गर्न समय लाग्ने भई यस नीतिगत व्यवस्थामा तोकिएको समयावधिभित्र बैंक संस्थापनाका लागि सैद्धान्तिक सहमति प्रदान गर्न नसकिने अवस्था देखिएमा यस बैंकले सम्बन्धित पक्षहरुलाई पुनः निवेदन पेश गर्न लगाउन सक्नेछ । | नीतिगत व्यवस्थामा तोकिएको समयावधिभित्र बैंक संस्थापनाका लागि सैद्धान्तिक सहमति प्रदान गर्न नसकिने अवस्था देखिएमा यस बैंकले सम्बन्धित पक्षहरुलाई पुनः निवेदन पेश गर्न लगाउन सक्नेछ । |
| ३. | अनुसूची ३ मा बुँदा १७ (क) र १७ (ख) थप । | हाल नभएको । | **(१७क) आपराधिक पृष्ठभूमि (Criminal Record) सम्बन्धी प्रहरी प्रतिवेदन संलग्न छ?**<br>**छ छैन**<br>**(१७ख) तपाँई कुनै भ्रष्टाचार सम्बन्धी कारवाहीमा पर्नुभएको छ?**<br>**छ छैन** |